# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८
## बाणगंगा नगरपालिका,कपिलवस्तु।




महालेखापरीक्षकको कार्यालय

काठमाण्डौं ,नेपाल।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**स्थानीय तहको राय सहितको प्रतिवेदन**
(लुम्विनी,कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.१७

मितिः२०७८।५।४

श्री नगरप्रमूखज्यू,
वाणगंगा नगरपालिका
नगरपालिकाको  कार्यालय, कपिलवस्तु।

**विषयः  लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **वाणगंगा नगरपालिकाको कार्यालयको** आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु १ करोड ६६ लाख ६० हजार बेरुजू देखिएको छ । सोमध्ये प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड ६५ लाख ,नियमित गर्नुपर्ने रु १ लाख ६० हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३०( तिस) यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं ।  त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

# वाणगंगा नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । ५ नं. प्रदेशमा अवस्थित यस वाणगंगा नगरपालिका अन्र्तगत ११ वडा, ५८ सभा सदस्य रहेका छन् । यस कार्यालयको कार्यक्षेत्र वाणगंगा नगरपालिका भित्र रहेको छ ।

स्थानीय संचितकोषः आर्थिक वर्ष २०७६।७७ को स्थानिय संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सिनं. | आयतर्फ | | | सि नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २८९१३९४२.५५ | १ | चालु खर्च | ४७८६६०८८७ | ४७८६६०८ |
| | कनगद ( | | | २ | पूँजीगत खर्च | ३२१३०२३१० | ३२१३०२३ |
| | ख बैंक (कृषि विकास बैंक | २८९१३९४२.५५ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय ) | | २१४८२३२५२.२३ | | कऋण भुक्तानी ( | | |
| | कआन्तरिक राजस्व ( | ४५०६५०५० | | | खब्याज भुक्तानी ( | | |
| | खराजस्व बाँडफाँड ( | १६९७५८२०२.२३ | | | गक्तानीअन्य भु ( | | |
| | गअन्य आय ( | | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ५७९०२०००० | | ऋण लगानी | | |
| | कवित्तिय समानीकरण अनुदान ( | १९३८००००० | | | शेयर लगानी | | |
| | खसशर्त अनुदान ( | ३७५२२०००० | | | अन्य लगानी | | |
| | ग (समपूरक अनुदान | ० | | ५ | धरौटी फिर्ता | १४१७०८१८ | १४१७०८१ |
| | घविशेष अनुदान ( | १०००००००| | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४१९३०००० | ७ | कोष फिर्ता | | |
| | कवित्तिय समानीकरण अनुदान ( | ५३६६००० | | ८ | मौज्दात | | ६४१५६९६४. |
| | खसशर्त अनुदान ( | ११०००००० | | | कबैंक मौज्दात ( | ६४१५६९६४.१० | |
| | गसमपुरक अनुदान ( | १८५६४००० | | | खनगद मौज्दात ( | | |
| | घविशेष ( अनुदान | ७०००००० | | ९ | शसर्त अनुदान फिर्ता | २९२४७६२५.३६ | २९२४७६२५.३ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत वर्षको बढी अल्या | | |
| ६ | अन्य | | ४८९५७६० | ११ | जनश्रमदान मौज्दात | | |
| | कक्षेत्रीय शहरी विकास योजना ( | | | १२ | धरौट मौज्दात | | |
| | खसडक बोर्ड नेपाल ( | २७८१२६९ | | १३ | कोष खाताको मौज्दात | | |
| | गसुचन प्रविधि अधिकृतको तलव | २७९९३० | | | | | |
| | घ वातावरण विभाग | १८३४५६१ | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | | |
| ८ | जनसहभागिता (नगद) | २३७८४८३१.६८ | २३७८४८३१.६८ | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | ३७१२८४३७.६२ | ३७१२८४३७.६२ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविध आय | | | | | | |
| | जम्मा | ९३०४९६२२४.०८ | ९३०४९६२२४.०८ | | जम्मा | ९३०४९६२२४.०८ | ९३०४९६२२४.०८ |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ३५२३९८५.९२ | १०१७०००।०० | २५०६९८५।९२ |

उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप बेरुजु कायम भएको छ ।

**अद्यावधिक बेरुजु** - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३५२३९८५.९२ | १०१७०००।०० | १६६५९६६० | | १९१६६६४५।९२ |